### आगामी आश्विन महिनामा हुने परीक्षालाई सहयोग पुऱ्याउन

# आयोगको हार्दिक अपील

यस आयोगले गत जेठ/आषाढ महिनमा माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहको कुल १२७३९ शिक्षक पद खुला प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमद्वारा पूर्तिका लागि प्रकाशित गरेको विज्ञापनमा झण्डै २ लाख ७९ हजार परीक्षार्थीले दरखास्त फाराम भरेका छन् । आवेदकहरुको सुविधालाई ध्यानमा राखी साविकका ७५ वटै जिल्लाहरुबाट दरखास्त फाराम संकलन गर्ने व्यवस्था आयोगले मिलाएको थियो । साथै विज्ञापन प्रकाशन गर्दाको समयमा नै परीक्षा केन्द्र पछि तोकिने व्यहोरा आयोगले जानकारी गराएको थियो ।

आयोगको विज्ञापन बमोजिम आगामी आश्विन ११, १२ र १३ गते देशभरीका ३४ जिल्लाका करिव १२४० केन्द्रहरु मार्फत परीक्षा सञ्चालन हुन गइरहेको छ । आयोगले परीक्षा केन्द्र निर्धारण गर्दा जिल्लागत परीक्षार्थीहरुको संख्या, जिल्लामा उपलब्ध जनशक्ति, यातायात र भौतिक सुविधा तथा इच्छुक कुनै पनि परीक्षार्थीले तीनै तहको परीक्षामा सहजै सहभागी हुन सक्ने आधारमा गरेको छ । प्रतिस्पर्धात्मक परीक्षाको माध्यमद्वारा उपयुक्त र योग्य उम्मेदवारको छनौट गर्ने प्रक्रियालाई आयोगले उच्च प्राथमिकता दिएको पृष्ठभूमिमा परीक्षार्थीले फाराम भरेकै जिल्लाबाट परीक्षा दिन पाउने गरी केन्द्र निर्धारण नहुँदा आर्थिक अवस्था कमजोर भएका परीक्षार्थीलाई केही मर्का पर्न गएको हुनसक्दछ जुन यस आयोगको उद्देश्य किमार्थ थिएन ।

परीक्षाको व्यवस्थापन एक अत्यन्त जटिल प्राविधिक विषय भएको, अन्य जिल्लाका परीक्षार्थीहरु पनि अर्को क्षेत्र/जिल्लाको समावेशी समूहको परीक्षामा सहभागी हुनु पर्ने, एकै दिन, एकै समयमा माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहको परीक्षा सञ्चालन गर्नु परेकोले सबै जिल्लामा परीक्षा केन्द्र राख्न सम्भव भएन । यसैक्रममा, दुर्गम कर्णाली अञ्चलका विशेषगरी डोल्पा र हुम्ला जिल्लाका परीक्षार्थीलाई अन्य परीक्षार्थीको तुलनामा परीक्षा केन्द्रसम्म आइपुग्न लामो यात्रा तय गर्नु पर्ने भएकोले ती जिल्लामा छुट्टै परीक्षा केन्द्र निर्धारणको लागि विभिन्न तहबाट आयोगको ध्यानाकर्षण भएकै हो । तर झण्डै २ लाख ७९ हजार परीक्षार्थीको हातमा तोकिएको मिति र समयमा उत्तरपुस्तिका र प्रश्नपत्र पुऱ्याउने कार्यको तयारी धेरै अगाडिदेखि नै प्रारम्भ भैसकेकोले हाल ती कठिनाईलाई सम्बोधन गर्न नसकिएकोमा आयोग दुःख व्यक्त गर्न चाहन्छ ।

अन्तमा, आगामी आश्विन ११, १२ र १३ गते विभिन्न तहका स्थायी शिक्षक छनौटका लागि सम्पन्न हुन गैरहेको परीक्षालाई मर्यादित, व्यवस्थित, स्वच्छ र स्वतन्त्र ढंगबाट सञ्चालन गर्न सदा झैँ सम्बन्धित सबैको सहयोगको लागि आयोग हार्दिक अपील गर्दछ ।